# सञ्चय कोष eNewsletter

। 'सुरक्षित भविष्यको लागि सञ्चय कोष' । वर्ष ४ । अंक १३ । २०७३ बैशाख, जेष्ठ, आषाढ ।


## कोषलाई तेस्रोपटक बिपिए अवार्ड




ईन्स्टिच्युट अफ चार्टर्ड एकाउण्टेन्टस् अफ नेपाल (आइक्यान) द्वारा प्रदान गरिने वेष्ट प्रजेन्टेड एन्युअल रिपोर्ट (वीपीए) अवार्ड २०७१।०७२ कर्मचारी सञ्चय कोषले प्राप्त गरेको छ। सार्वजनिक निकाय समूह अन्तर्गत कर्मचारी सञ्चय कोष सर्वोत्कृष्ट भएको हो। आइक्यानबाट सो समूहमा यस अघि आ.व. २०६९।०७० र २०७०।०७१ मा पनि उक्त अवार्ड कोषले नै प्राप्त गरेको थियो । पुरस्कार वितरण कार्यक्रममा गवर्नर चिरञ्जिवि नेपालबाट कोषका का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्लेले पुरस्कार ग्रहण गर्नुभएको थियो। कार्यक्रममा नयाँ निर्वाचनबाट चयन भएका आइक्यानका पदाधिकारीहरूलाई सपथ तथा निवर्तमान पदाधिकारीबाट कार्यभार हस्तान्तरण गरिएको थियो।

## सञ्चयकर्ता सापटी कार्यविधि पारित

कर्मचारी सञ्चय कोष सञ्चालक समितिले सञ्चयकर्ता सापटी कार्यविधि,




२०७३ तयार गरी लागू गरेको छ। सञ्चयकर्तालाई कोषबाट उपलब्ध सापटी सुविधाहरूको विस्तार गरी सहज र सरल किसिमले प्रदान गर्ने सन्दर्भमा नेपाल सरकारले जारी गरेको निर्माण कार्य सम्बन्धी मापदण्ड अनुरूप साविकको सञ्चयकर्ता सापटी कार्यविधि, २०७० लाई समयानुकुल सुधार गरी एकिकृत सापटी कार्यविधि लागू गरिएको हो।

यो कार्यविधि लागु भएपछि कोषले सञ्चयकर्तालाई प्रवाह गर्दै आएको सापटीमा एकरूपता आउने र सापटी प्रवाह गर्दा आइपर्ने दुविधालाई सहज रुपमा समाधान गर्ने विश्वास लिईएको छ। कोषले हाल सञ्चयकर्ता विशेष सापटी, सञ्चयकर्ता घर सापटी, सञ्चयकर्ता शैक्षिक सापटी, सञ्चयकर्ता सरल चक्र कर्जा, सञ्चयकर्ता घर मर्मत सापटी प्रदान गर्दै आइरहेको छ।

*...बिस्तृत पृष्ठ ३ मा ››*


## ई-लाईब्रेरी स्थापना



कर्मचारी सञ्चय कोषले आफ्ना सरोकारवालाहरूको हितलाई ध्यानमा राख्दै ई-लाइब्रेरी सञ्चालन गर्ने भएको छ।

मिति २०७३ जेठ १८ गते जारी गरिएको परिपत्र नम्बर ९८० अनुसार कोषको गतिविधि, वित्तीय विवरण, नीति नियम एवं सामाजिक सुरक्षा, सञ्चय कोष सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा भएका गतिविधिहरू संकलन गरी सूचना प्रविधि मार्फत व्यवस्थित र भरपर्दो रूपमा सरोकारवालाहरूलाई सरल रूपमा सूचना प्रवाह एवं उपयोग गर्ने गराउने उद्देश्यले ई-लाइब्रेरी सञ्चालन गर्न लागिएको हो। ई-लाइब्रेरीको व्यवस्थापन योजना, अनुगमन तथा मूल्यांकन विभाग, पुल्चोकले गर्नेछ। साथै, कोषका सम्पूर्ण विभाग तथा शाखा कार्यालयहरूसँग सम्बन्धित गतिविधि, प्रगति एवं सूचनाहरू नियमित रूपमा उक्त विभागमा उपलब्ध गराउन समेत परिपत्रमा उल्लेख गरिएको छ।

# सञ्चय कोष तथा एनआरएनबीच समझदारी



२०७३ आषाढ १० गते कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा सम्पन्न कार्यक्रममा कोषका प्रशासक कृष्णप्रसाद आचार्य तथा एनआरएन अध्यक्ष शेष घले ।

बैदेशिक रोजगारमा रहेका कामदार/कर्मचारीहरूलाई कोषको दायरामा ल्याउने सम्बन्धमा कर्मचारी सञ्चय कोष र गैर आवासीय नेपाली संघबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । व्यवस्थापिका संसद समक्ष बिचाराधीन रहेको कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक २०७३ मा बैदेशिक रोजगारमा रहेका कामदार एवं कर्मचारीहरूलाई कोषको दायरामा समेट्ने प्रक्रिया अगाडी बढाईएको सन्दर्भमा यो सम्झौता भएको हो । उक्त विधेयक पारित भएपछि बैदेशिक रोजगारमा रहेका सम्पूर्ण कामदार एवं कर्मचारीहरूलाई कर्मचारी सञ्चय कोषमार्फत सामाजिक सुरक्षा सुविधा प्राप्त हुने अवस्था भएकोले त्यसलाई मूर्तरूप दिन यो समझदारीपत्रले अहम् भूमिका खेल्ने विश्वास कोषले लिएको छ ।

# एनआरएन सम्मेलनमा कोषको सहभागिता

गैरआवासीय नेपाली संघको पाचौं मध्यपूर्व क्षेत्रीय सम्मेलनमा कोषले सहभागिता जनाएको छ । २०७३ साउन ८ गते कतार को दोहामा सम्पन्न उक्त सम्मेलनमा बैदेशिक रोजगारमा जाने कामदार हरूलाई सञ्चय कोषमा संलग्न गराउने विषयमा छलफल भएको थियो । यस क्रममा प्रशासक आचार्यले बैदेशीक रोजगारीमा रहेका नेपाली कामदार/ कर्मचारीहरुको लागि सञ्चय कोष योजना लागू गर्ने सम्बन्धमा काम गरिरहेको बताउनु भएको थियो । साथै सम्मेलनमा कोषको तर्फबाट प्रस्तुत गरिएको अवधारणापत्रमाथि छलफल समेत भएको थियो ।




गैरआवासीय नेपाली संघको सम्मेलनमा कर्मचारी सञ्चय कोषका प्रशासक कृष्णप्रसाद आचार्य (बायाँबाट पहिलो), एनआरएन अध्यक्ष शेष घले लगायतका सहभागीहरू ।

'पूर्ण सामाजिक सुरक्षा सहितको सम्मानित वैदेशिक रोजगार, समून्नत राष्ट्रनिर्माणको आधार' भन्ने नारा सहित आयोजित उक्त सम्मेलनमा कुवेतबाट १४, साउदी अरबबाट ५, यूएईबाट ८, ओमनबाट ६, बहराइनबाट ८, लेवनानबाट २ र कतारबाट सय जना भन्दा बढी एनआरएनए एनसीसीका प्रतिनिधिको सहभागिता थियो ।

यस अघि बैदेशिक रोजगारीलाई कोषको दायरामा ल्याउने सम्बन्धमा २०७३ आषाढ १० गते कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा कोष तथा एनआरएनबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । **समाचारः एजेन्सीको सहयोगमा ।**

# कर्मचारी सञ्चय कोष,
# सञ्चयकर्ता सापटी कार्यविधि, २०७३

**कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको हितमा साविकमा लागू गरेका सापटीहरूमा समसामयिक सुधार गर्दै थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्य अनुरूप एकिकृत कार्यविधि लागू गरेको छ । मिति २०७३/०२/२५ को सञ्चालक समितिको बैठकबाट स्वीकृत भई लागू भएको सञ्चयकर्ता सापटी कार्यविधि, २०७३ मा निम्नानुसारको व्यवस्था उल्लेख गरिएको छः**

## सञ्चयकर्ता विशेष सापटी

सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई दृष्टिगत गरी सरल र सहज रूपमा सापटी सुविधा प्रदान गर्नु तथा कोषको संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।

कार्यविधिमा दुई बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका सञ्चयकर्तालाई निजको सञ्चयकोष खातामा जम्मा भएको रकमको अधिकतम ९० प्रतिशतसम्म विशेष सापटी प्रदान गर्न सकिने उल्लेख छ। सञ्चयकर्ताले लिएको विशेष सापटी प्रत्येक बर्ष नवीकरण गर्न सकिनेछ । तर, साविकमा लिएको सापटी चुक्ता गरेमा जुनसुकै समयमा पनि सापटी प्रदान गर्न सकिने उल्लेख छ ।

विशेष सापटी सञ्चयकर्ताले मासिक तलवबाट कट्टी गरी वा कोषले तोकेको बैक खातामा पटक पटक वा एकै पटक जम्मा गरी चुक्ता गर्न सक्नेछन ।

यस कार्यविधि बमोजिम घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल चक्रकर्जा लिएका सञ्चयकर्तालाई व्याज नियमित गरेको अवस्थामा मात्र यस परिच्छेद बमोजिम विशेष सापटी प्रदान हुनेछ । घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल चक्रकर्जा तिर्ने प्रयोजनका लागि विशेष सापटी प्रदान गर्न सकिने छ ।

## सञ्चयकर्ता घर सापटी


सञ्चयकर्ताहरूको सामाजिक सुरक्षालाई दृष्टिगत गरी आवासको व्यवस्था गर्नु तथा संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।

कम्तीमा एक बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिको आधारमा दुईबर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई नयाँ घर निर्माण गर्न, घर मा तला थप गर्न र घर खरिद गर्न घर सापटी प्रदान गर्न सकिने कार्यविधिमा उल्लेख छ ।

घर सापटीको अधिकतम सीमा दश वर्ष भन्दा कम सेवा अवधि भएका सञ्चयकर्ताहरूको हकमा बाह्र वर्षको तलवमान बराबर को रकम, दश वर्ष वा सो भन्दा वढी सेवा अवधि भएका सञ्चयकर्ताहरूको हकमा पन्ध्र वर्षको तलवमान बराबरको रकम प्रदान गर्न सकिने छ । तर घर सापटीको अधिकतम सीमा एक करोड रूपैयाँ भन्दा वढी हुने छैन ।

कार्यविधि अनुसार धितो रहने घरजग्गाको मूल्यांकनबाट कायम भएको मूल्य भन्दा बढी ऋण रकम प्रदान गरिने छैन साथै घर खरीद/विक्री गर्ने निजी व्यक्ति, सरकारी निकाय वा निजी कम्पनीले निर्धारण गरेको मूल्य भन्दा वढी ऋण रकम प्रदान नगरिने कार्यविधिमा जनाइएको छ ।

क्रमशः






## सञ्चयकर्ता शैक्षिक सापटी

सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति वा पत्नी वा छोरा वा छोरीको उच्च शिक्षा अध्ययन गर्ने एवम् प्राविधिक शिक्षा वा सीप बिकास सम्बन्धी तालिम हासिल गर्ने गराउने आवश्यकतालाई दृष्टिगत गरी सरल र सहज रूपमा सापटी सुविधा प्रदान गर्नु तथा लगानी विविधीकरणको माध्यमवाट कोषको स्रोतलाई सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।



कम्तीमा एक बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई १०+२ वा सो सरह उत्तीर्ण गरेका संचयकर्ता स्वयं वा संचयकर्ताका पति/पत्नी/छोरा/छोरीलाई स्वदेश तथा विदेशमा जुनसुकै विषयमा स्नातक तह वा सो भन्दा माथिको तहमा अध्ययन गर्न वा छ महिनाभन्दा बढीको प्राविधिक शिक्षा वा शीप बिकास सम्बन्धी तालिम लिन शैक्षिक सापटी प्रदान गर्न सकिने कार्यविधिमा उल्लेख छ ।

प्रदान गरिने शैक्षिक सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकम वा सम्वन्धित विषयमा अध्ययनका लागि विश्व विद्यालयमा लाग्ने वास्तविक खर्च मध्ये जुन कम हुन्छ सो वरावरमा नबढ्ने गरी एम.वी.वी.एस र एम.डी. विषयको अध्ययनका लागि पच्चीसलाख रूपैयासम्म, अन्य विषय अध्ययनका लागि विदेशमा भए बीसलाख रूपैयासम्म र स्वदेशमा भए दस लाख रूपैयासम्म र अध्ययन वा तालिमका लागि विश्वविद्यालय वा शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च गणना गर्दा भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क लगायत सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाको होस्टल खर्च, समावेश भएको हुनु पर्ने छ ।

कार्यविधिमा सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नवढ्ने गरी सापटी चुक्ता गर्ने अवधि ग्रेस अवधि सहित अधिकतम पन्ध्र बर्षको हुनेछ तर त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधिभित्र जुनसुकै कारणले नोकरीवाट अलग भएका सञ्चयकर्ताले व्याज नियमित गरेको अवस्थामा सेवावाट अलग भएको मितिले छ वर्षसम्म कर्जा भुक्तान गर्न सकिने उल्लेख छ । कार्यविधि अनुसार उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

## सञ्चयकर्ता सरल चक्रकर्जा

कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटी जस्ता सापटीहरूको उद्देश्य अनुरूप सापटी उपयोग गर्न नसकी सापटी सुविधाबाट बञ्चित सञ्चयकर्ताहरूको सामाजिक तथा अन्य भैपरी आउने कार्यको आवश्यकता पूरा गर्नु र कोषको संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु सरल चक्रकर्जाको प्रमुख उद्देश्य हो ।


कम्तीमा एक बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिको आधारमा दुईबर्ष सेवाअवधि वाँकी भएका संचयकर्तालाई सरल चक्रकर्जा प्रदान गर्न सकिने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिले सरल चक्रकर्जाको अधिकतम सीमा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलबमानको आधारमा निर्धारण गरिनेछ र सापटीको सीमा सञ्चयकर्ताको दश वर्षको तलबमान बराबर वा तीस लाख मध्ये जुन कम हुन्छ सो रकम कायम गरेको छ । कार्यविधिमा सापटीको न्यूनतम सीमा पाँच लाख हुनेछ । एकपटकमा एक लाख भन्दा कम रकम भुक्तानी नहुने र सापटी स्वीकृत भएको दुई वर्षसम्ममा सापटीको अधिकतम सीमाउपयोग नगर्ने सञ्चयकर्ताको हकमा उपयोग गरेको सापटी रकमलाई कर्जाको अधिकतम सीमा कायम गरिने उल्लेख छ ।

त्यसैगरी सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नवढ्ने गरी सापटी चुक्ता गर्ने अवधि अधिकतम पाँच बर्षको हुने र सरल चक्र कर्जा लिएका सञ्चयकर्ताले प्रत्येक वर्ष कर्जाको व्याज भुक्तान गरेमा स्वतः कर्जा नवीकरण हुने उल्लेख छ । तर, त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधिभित्र जुनसुकै कारणले नोकरीबाट अलग भएका सञ्चयकर्ताको हकमा ब्याज नियमित गरेको अवस्थामा सेवावाट अलग भएको मितिले तीन वर्षसम्म कर्जा भुक्तान गर्न सकिने कार्यविधिमा उल्लेख गरिएको छ ।


कुनै सञ्चयकर्ताले एकपटक लिएको सरल चक्रकर्जा निर्धारित अवधिभित्र वा सो भन्दा अगावै चुक्ता गरेमा पुनः चक्रकर्जा प्राप्त गर्न सक्नेछ ।

क्रमशः






## सञ्चयकर्ता घर मर्मत सापटी



भूकम्प तथा अन्य किसिमका प्राकृतिक प्रकोपबाट प्रभावित सञ्चयकर्ताहरूका लागि सहुलियत रूपमा घर मर्मत सापटी प्रदान गर्नु, संचयकर्ताहरूको घर मर्मतको आवश्यकता पूर्तिका लागि सापटीको व्यवस्था गर्नु तथा संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।

कार्यविधिमा कम्तीमा एक बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवाअवधि बाँकी भएका संचयकर्तालाई घर मर्मत सापटी प्रदान गरिने, घर मर्मत सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमानको आधारमा निर्धारण गरिने तथा सापटीको अधिकतम सीमा सञ्चयकर्ताको पाँच वर्षको तलबमान बराबरको रकम वा पच्चीस लाख मध्ये जुन कम हुन्छ, सो रकम प्रदान गरिने र एकपटकमा एक लाख भन्दा कम रकम भुक्तानी नहुने उल्लेख छ ।

त्यसैगरी सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नबढ्ने गरी सापटी चुक्ता गर्ने अवधि ग्रेस अवधि सहित अधिकतम दश बर्षको हुने तर, त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधिभित्र जुनसुकै कारणले नोकरीवाट अलग भएका सञ्चयकर्ताको हकमा व्याज नियमित गरेको अवस्थामा सेवावाट अलग भएको मितिले छ वर्षसम्म कर्जा भुक्तान गर्न सकिने उल्लेख छ । बि.सं. २०७२ साल वैशाख १२ र त्यसपछिको विनाशकारी भूकम्प/ पराकम्पबाट क्षति भएको घर सवलीकरण गर्न वा घरमर्मत गर्न वा सो भवन भत्काई सोही जग्गामा नयाँ घर निर्माण गर्न वा पुरानो र सवलीकरण गर्न यस परिच्छेद बमोजिम घर मर्मत सापटी लिने सञ्चयकर्तालाई घर मर्मत सापटीको प्रचलित व्याज दरमा एक प्रतिशत छुट गरिने तर,भूकम्प/पराकम्पवाट क्षति भई सापटी माग गर्ने सञ्चयकर्ताले नेपाल सरकारको सम्वन्धित आधिकारिक निकायवाट जारी गरेको भूकम्प प्रभावित परिचयपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । कार्यविधि वमोजिम विशेष सापटी वाहेकका अन्य सापटी माग गर्दा सम्वन्धित सञ्चयकर्ताले तोकिएको दरखास्त फाराम साथ उल्लेख भएका कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्ने छ ।

## कोष र काठमाण्डौ विश्वविद्यालय स्कुल अफ मेनेजमेन्टबीच समझदारी



कर्मचारी सञ्चय कोष र काठमाडौ विश्वविद्यालय, स्कुल अफ मेनेजमेन्टबीच मानव संसाधन विकास कार्यक्रम सञ्चालन सम्बन्धमा २०७३ आषाढ १ गते बुधवार कार्यसम्पादन समझदारी भएको छ । उक्त समझदारीपत्रमा कोषको तर्फबाट प्रशासक कृष्णप्रसाद आचार्य र काठमाडौ विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्टको तर्फबाट डिन प्राध्यापक सुवाष के.सी.ले हस्ताक्षर गर्नु भएको थियो । यस समझदारीपत्रबाट कोषलाई मानव संशाधन विकासका लागि विभिन्न प्रकारका तालिम, व्यवस्थापन विकास सम्बन्धी नव परिवर्तनका अवधारणा र अनुसन्धान तथा विकासका साथै ईएमबीए अध्ययनका अवसरहरू प्राप्त भई अनुसन्धान तथा अन्य परामर्श सेवा प्राप्त हुने छ भने सो समझदारीबाट विश्वविद्यालय जस्तो अध्ययन अनुसन्धानमा संलग्न संस्थाका शिक्षक तथा विद्यार्थीहरूलाई कोषबाट वित्तीय जानकारी प्राप्त हुनुका साथै आफ्नो सैद्धान्तिक ज्ञान उपयोग गर्ने स्थान उपलब्ध हुने कोषले जनाएको छ ।

## कर्मचारीका सन्ततिलाई छात्रबृत्ति प्रदान

कोषले यस वर्ष विभिन्न दुई विषयमा अध्ययनको लागि कोषमा कार्यरत कर्मचारीका पाँच सन्ततिहरूलाई छात्रवृत्ति प्रदान गरेको छ । कोषले कर्मचारीका सन्ततिलाई नेपालका मान्यता प्राप्त शिक्षण संस्थामा उच्च शिक्षा अध्यन गर्नको लागि छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका २०७० बमोजिम यस पटक छनौट भएका विद्यार्थीहरूमध्ये अप्राविधिक समूहतर्फ प्रशंसा कोइराला ८३.८९ प्रतिशत (पुत्री परशुराम कोइराला), स्नेहा भट्टराई ८१.७० प्रतिशत (पुत्री वन्दन भट्टराई) रहेका छन । त्यस्तै प्राविधिक समूहतर्फ दिनांक विष्ट ७९.४७ प्रतिशत (पुत्र दिपकुमार विष्ट), सुसन पौडेल ७८.३८ प्रतिशत (पुत्र विष्णुप्रसाद पौडेल) र प्रियंका खनाल ७७.९६ प्रतिशत (पुत्री दिपक खनाल) रहेका छन ।

### कर्मचारीका छोराछोरी पुरस्कृत गरिने

कोषको ५५ औं वार्षिकोत्सवको अवसरमा २०७२ सालको एसएलसी वा सो सरहको परिक्षामा उत्तिर्ण भएका कोषका कर्मचारीका छोरा छोरीहरूमध्ये बढी अंक ल्याउने छात्रतर्फ ३ र छात्रातर्फ ३ गरी ६ जनालाई नगद सहित प्रशंसापत्रबाट पुरस्कृत गरिने भएको छ । साथै अन्य उत्तीर्णहरूलाई प्रशंसापत्रबाट सम्मानित गरिने भएको छ ।

# कोषबाट प्रदान गरिने सुविधाको बारेमा सञ्चयकर्ताहरु सुसूचित हुन आवश्यक छ



श्री सोमनाथ सुवेदी (क.सं.कोष परिचय पत्र नं: ७००६०४६), राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरमा कार्यरत हुनुहुन्छ । कोषको पुल्चोकस्थित सेवा केन्द्रमा सेवा लिन आउनुभएका सुवेदीसँग कोषबाट प्रवाह भईरहेका सेवा सुविधा, सेवा प्रवाह, सञ्चयकर्ताको अपेक्षा लगायतका विविध विषयमा गरिएको कुराकानी :

**कर्मचारी सञ्चय कोषको सेवाप्रति कत्तिको सकारात्मक हुनुहुन्छ ?**

हामी कर्मचारीहरू सम्बन्धित कार्यालयको सेवाप्रति सदैव सकारात्मक नै छौ । यस अर्थमा कर्मचारी सञ्चय कोषको सेवा पनि हाम्रा लागि सन्तुष्टिप्रद नै रहेको छ । तर, सेवा प्रवाह हुने फ्रन्ट डेस्क अझै व्यवसायिक हुन सकेको छैन । मैले भन्न खोजेको के हो भने फ्रन्ट डेस्कमा बस्ने कर्मचारीहरूको बोली, व्यवहार र आचरणमा कुनै नयाँपन छैन । युवा जोशयुक्त र समस्यालाई तत्काल समाधान गर्न सक्ने निर्णायक दक्षता भएको जनशक्तिलाई भन्दा फ्रन्ट डेस्कमा बुढा पुराना र एक प्रकारले फिक्स्ड एटिच्युड भएका कर्मचारीबाट सेवा प्रवाह गराउँदा कोषको गरिमा र साखमा असर पर्छ कि भन्ने मलाई लाग्छ ।

**हाल कोषले प्रदान गर्दै आएको सुविधाहरू बारेमा तपाईको के धारणा छ ?**

निश्चय नै कोषबाट हाल सञ्चयकर्ताहरूले प्राप्त गर्दै आएको विभिन्न प्रकारका सापटी सुविधा, सामाजिक सुरक्षाका सुविधा लगायत पछिल्लो पटक कार्यान्वयनमा आएको स्वास्थ्य बीमा र सुत्केरी स्याहार खर्च जस्ता कार्यक्रमहरू समय सापेक्ष र उपयोगी रहेका छन । यसमा खासगरी मेरो भनाई यो छ कि सापटी सुविधाको ब्याज हाम्रो आयको अनुपातमा बढी नै रहेको छ । यसको लागि कोषले बढी भन्दा बढी प्रतिफलयुक्त क्षेत्रमा लगानी बढाउँदै सापटी रकमको ब्याजलाई घटाउँदै लैजाने नीति र लक्ष्यमा काम गर्न सक्नुपर्नेमा म जोड दिन चाहन्छु । त्यस्तै प्रकारले घर सापटी लगायतका सापटीमा धितो रहने जग्गाको बाटो सम्बन्धी प्रावधान पनि धेरै सञ्चयकर्ताका लागि सापटी उपभोग गर्ने बाधकका रूपमा रहेको छ । यसमा पनि सुधार गर्दै वास्तविक मूल्यांकनको आधारमा सापटी पाउन सक्ने व्यवस्था भयो भने सबै प्रकारका सञ्चयकर्ता लाभान्वित हुन सक्ने अवस्था रहेको छ ।

**यहाँले बाटै नभएको जग्गा धितो राखी सापटी लिन पाउनु पर्छ भन्न खोज्नु भएको हो ?**

होइन, घर सापटी, सरल कर्जा सापटी र शैक्षिक सापटी प्रदान गर्न सम्बन्धित धितो रहने जग्गासम्म जुन न्युनतम चौडाई भएको बाटो भनेर तोकिएको छ, त्यसभन्दा पनि कम चौडाईका बाटोले छोएका जग्गा पनि छन । त्यस्ता जग्गामा पनि सञ्चयकर्ताहरूले आआफ्नो व्यवहार एवं गुजारा चलाएका छन । अतः धितो रहने जग्गाको ऋण निर्धारण लागि बाटो एक प्लस प्वाइन्ट भए पनि समग्र मूल्यांकनमा यो एक फैक्टर मात्र हो । तसर्थ यही एक फैक्टरलाई हेरेर कोषले सञ्चयकर्ताहरूलाई सापटी सुविधाबाट बञ्चित गर्न हुँदैन भन्ने मेरो भनाई हो । धेरै थोरै सापटी पाउने व्यवस्था गर्नु पर्छ भन्ने मेरो आग्रह हो ।

**कोषबाट थप के कस्ता सुविधाहरूको अपेक्षा राख्नु हुन्छ ?**

कुनै पनि संस्थाले आफ्नो हैसियत क्षमता र आयलाई हेरेर नै आफुले प्रदान गर्ने सेवा तथा सुविधाको व्यवस्था गर्ने हो । कर्मचारी सञ्चय कोष हामी जस्ता लाखौ सञ्चयकर्ता कर्मचारी, मजदुर लगायत व्यवसायिकहरूको सामाजिक सुरक्षणको उद्देश्यले स्थापना भएको हुँदा यस संस्थाप्रति हाम्रो निकै भरोसा रहेको छ भने हाम्रो पनि संस्थागत सुदृढिकरणका लागि निश्चित दायित्वहरू रहेका छन । यस अर्थमा सञ्चित रकमको प्रतिफलयुक्त लगानी र सापटी चुक्ता जस्ता विषयमा हाम्रो दायित्वबाट हामी विमुख हुन मिल्दैन । यी सबै पक्षलाई विचार गर्दा प्रदान भई आएका सुविधामा अभिवृद्धिका साथै सरलिकरण र सन्ततिहरूका लागि व्यवसाय उन्मुख तालिम, इन्टरपेनरशिप स्किल डिभलपमेन्ट कार्यक्रममा कोष अगाडि बढ्न सके कर्मचारीहरूको छोरा छोरी विदेश पलायन हुने प्रवृत्तिमा केही मात्रामा भने पनि अंकुश लगाउन सकिने थियो ।

**कोषका गतिविधि सूचना एवं नियमित प्रकाशनहरूबारे तपाइलाई के थाहा छ ?**

कोषको सूचना एवं गतिविधिहरूबारे आम सञ्चारमा प्रकाशन र प्रशारण भएका र त्यसबाट टिपिएका विषयवस्तु बाहेक अन्य माध्यमहरूको बारेमा खासै जानकारी छैन । यसैगरी इन्टरनेट र एसएमएस माध्यमबाट प्राप्त हुने सेवा तथा सुविधाको बारेमा सुनेको त छु, तर उपयोग भने गरेको छैन । आम कर्मचारीहरूको लागि कोष जागिर पर्यन्त अभिन्न अंग भएकाले यस्ता सेवा तथा सुविधाहरूको व्यापक प्रचारप्रसार गराई सबै प्रकारका सञ्चयकर्ताहरूलाई समेट्न सकेमा उनिहरूको सूसुचित हुने अधिकारको सम्मान नै गर्न सकिन्छ र यो गर्नु पनि पर्छ ।

**कोषले आफनो सेवाको प्रभावकारी वितरणका लागि के सुझाव दिन चाहनु हुन्छ ?**

सबैभन्दा पहिला त कोषबाट प्रदान भैआएका सेवा तथा सुविधाको बारेमा सञ्चयकर्ताहरू पर्याप्त रूपमा सूसुचित नै हुनु पर्‍यो । त्यस्तै प्रकारले शाखा सुविधा सहितका सेवा केन्द्रहरूको विस्तार लगायत बैकिंग क्षेत्रसँगको आबद्धता सहित घरघरमा सञ्चयकोष जस्ता कार्यक्रमले कोषको सेवामा स्तरियता बढनुका साथै सबै पक्षलाई मिलाएर लैजान सक्ने सन्देशले कोषको सेवा सुविधा वितरण प्रणालीमा व्यापक सुधार आउन सक्ने मेरो मान्यता छ । यसै क्रममा कोषको आफ्नै डेबिट र क्रेडिट कार्ड मार्फत बैंकिंग सञ्जालमा आवद्ध एटिएम केन्द्रबाट सुविधा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि पहल हुन पनि जरूरी भैसकेको छ । यस्ता सुविधाहरूबाट कोषको खर्चमा कटौति, सेवाग्राहीको समयमा बचत र घरघरमा सञ्चय कोषको उपस्थितिलाई पनि बल पुग्ने देखिन्छ ।

## ई-न्युज लेटर एवं ई-लाइब्रेरीलाई सामाग्री उपलब्ध गराई दिने सम्बन्धी सूचना

उपरोक्त विषयमा कोषले विगत साढे दुई वर्षदेखि नियमित रूपमा त्रैमासिक रूपमा ई-न्युजलेटर प्रकाशित गर्दै आइरहेको सर्वविदितै छ । ई-न्युजलेटर कोष र सञ्चयकर्ताबीच प्रत्यक्ष सञ्चार माध्यम भएकोले व्यवस्थापनले यसको आवश्यकता र सान्दर्भिकतालाई लिएर पटक पटक प्रकाशन हुनुपर्ने सामग्रीको लागि सबै विभागहरूलाई स्मरण पनि गराउँदै आएको छ ।

यसैबीच मिति २०७३ जेठ १८ मा जारी भएको परिपत्र र योजना, अनुगमन तथा मुल्यांकन विभागलाई सूचना केन्द्रका रूपमा विकास गराउने भन्ने व्यवस्थापकिय चाहनालाई पुनः मनन गर्दै संस्थागत गतिविधि, विभागीय सेवा, सुविधा, प्रगति, छलफल, संवाद, तालिम एवं अन्य प्रकाशनयोग्य तथ्यांक, कार्यपत्र, प्रतिवेदन, सहभागिता, कोषबाट गठित कुनै पनि समितिका क्रियाकलाप एवं अनुसन्धान प्रतिवेदन जस्ता सामग्री वर्ड फर्मेट वा प्रष्ट बुझिने हार्ड-कपीमा यस विभागमा उपलब्ध गराई प्रकाशन एवं पुस्तकालयको भण्डारणमा सहयोग गरिदिनु हुन अनुरोध छ । साथै संस्थागत सहभागिता अन्तर्गत प्रशासक र मुख्य अधिकृतज्युहरूको सहभागिता हुने कार्यक्रम र अन्य प्रकारका (शाखा) अनुगमनका कार्यक्रमहरूबारे अनिवार्य रूपमा जानकारी गराई समाचार संकलन एवं फोटोग्राफीका लागि सहयोग गरी दिनु हुन सम्बन्धित विभागलाई अनुरोध गरिन्छ ।

**कर्मचारी सञ्चय कोष,**
**योजना, अनुगमन तथा मुल्यांकन विभाग,**
**पुल्चोक, ललितपुर ।**
email : **planning**@epfnepal.com.np

**सम्पादन समूह**

संयोजक
विभागीय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
विभागीय प्रमुख श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सदस्य
शाखा अधिकृत श्री ओजस्वी गौतम

लेआउट/डिजाईन
शाखा अधिकृत श्री राजेन्द्रविक्रम के सी

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np